पालिकाले आजसम्म गरेका कार्यप्रगतिको समीक्षासगैं नगरपालिकालाई अबको ५ वर्ष भित्र कुन स्थानमा लैजाने भन्ने परिकल्पनास्वरुप योजना निर्माण थालेको हो ।जसका लागि पहिलो चरणको ३ दिने आवधिक योजना तथा मध्यकालीन खर्च संरचना तर्जुमा गोष्ठी सम्पन्न भएको छ ।

नगरपालिका अन्तर्गत रहेका विषयगत समिति, विभिन्न शाखाका शाखा प्रमुख तथा प्रतिनिधि, स्थानीय र सरोकारवालाहरुको उपस्थितिमा ५ वटा समुह निर्माण गरि नगरपालिकाको समग्र पूर्वाधार विकास, वन तथा वातावरण, जनप्रतिनिधि




कर्मचारी, शिक्षा, स्वास्थ्य, कृषिशाखा प्रमुख, राजनैतिक दल, उद्योग वाणिज्य सघं, कृषक प्रतिनिधिलगायतसंग छलफल गरी योजना निर्माण गर्ने कार्य गरिएको नगरपालिकाका प्रमुख प्रशाशकीय अधिकृत खिमानन्द भुषालले जानकारी दिए ।

मुसिकोट नगरप्रमुख सोमनाथ सापकोटाले कुनै पनि लक्ष्य हासिल गर्न पहिले त्यसको योजना बनाउनु आवश्यक रहेकाले नगरपालिकाको समग्र पक्षको यथार्थ विश्लेषण र तथ्याङ्कहरु सकंलन गरेर आवधिक योजना बनाउन लागिएको बताए ।

गोष्ठीको पहिलो दिन विभिन्न विषयगत समितिका पदाधिकारी तथा कर्मचारी र सरोकारवालाहरुको उपस्थितिमा पछिल्लो ५ वर्षमा नगरपालिकामा भएको भौतिक आर्थिक उपलब्धि तथा आगामी ५ वर्षका लागि रणनैतिक उद्धेश्यसहित कार्यक्रम योजना प्रस्ताव गरिएको थियो ।

उक्त प्रस्तावसहित प्रारम्भिक दस्तावेज तयार गरी पूर्वाधार, सामाजिक, आर्थिक, सुशासन तथा सार्वजनिक सेवा प्रवाह, वन वातावरण तथा विपद् व्यवस्थापन समितिले विज्ञहरुको उपस्थितिमा प्रस्तुत गरेका थिए । उक्त दस्तावेज माथि अझै पनि छलफल र बहस तथा वडागतरुपमा सुझावहरु संकलन गरी पूर्णता दिइने नगरप्रमुख सापकोटाले जानकारी दिए ।

वामीटक्सारस्थित होटल दरबार एण्ड रिसोर्टमा सम्पन्न तेस्रो दिनको कार्यक्रम मुसिकोट नगरपालिकाको आयोजना र एस.डी ईन्जिनियरिङ्ग कन्सल्टेन्सीको सहजीकरणमा सम्पन्न भएको थियो ।

# नेपालगञ्जमा माता बागेश्वरी महादीपोत्सव भव्यरुपमा सम्पन्न



पुजा कुमारी वैश्य/मध्यान्ह
नेपालगञ्ज, १६ कात्तिक

नेपालगञ्जमा माता बागेश्वरी महादीपोत्सव भव्यरुपमा सम्पन्न भएको छ। महादीपोत्सवका क्रममा स्थानीय जय सियाराम युवा क्लबले बागेश्वरी मन्दिरमा ११ हजार द्बीप प्रज्ज्वलन गरेको छ ।

महादिपोत्सवको उदघाटन नेपालगन्ज उपमहानगरपालिकाका मेयर धवल शमशेर राणाले दीप बालेर गरेरा थिए । सो अवसरमा संक्षिप्त शुभकामना मन्तव्य राख्दै मेयर राणाले दीपावलीको विशेष अवसरमा गरिएको ११ हजार दीप प्रज्ज्वलनले सबै हिन्दूधर्मावलम्बी भक्तहरुमा धार्मिक तथा मानसिक उर्जा प्रदान गरेको बताए ।

नेपालगन्जको बागेश्वरी मन्दिरमा उपस्थित सम्पुर्ण भक्तहरुले दीप प्रज्ज्वलन गरी मन्दिरलाई दीयोको प्रकाशले जगमगाएका थिए । चारैतर्फ छरिएको दीयोको रोशनी मनमोहक र लोभलाग्दो थियो ।

सनातन हिन्दू धर्मका देवता रामले वनवासको अवधि समाप्त गरेर अयोध्या फर्किएको खुसीमा दीयो बाली स्वागत गर्ने प्रचलन अनुरुप पहिलो पटक तिहारको धनवन्तरी जयन्ती (धन्तेरस) को दिन मंगलबार बागेश्वरी मन्दिर परिसरमा महाद्बीप प्रज्ज्वलन गरिएको हो ।

हिन्दू धर्मका गुरुहरुका अनुसार दीयोको महत्वपूर्ण भूमिका रहेको छ । धर्म गुरुहरपका अनुसार द्बीपको अर्थ यसको ज्वालाबाट उत्पन्न हुने प्रकाश मात्र होइन, यसको पछाडि मानव विवेकको आध्यात्मिक अनुभूति र भावनात्मक लगाव पनि जोडिएको हुन्छ ।

द्बीप मानवको भित्री आँखाको प्रतिबिम्ब पनि हो, जसले निरन्तर मानिसको भौतिक र आध्यात्मिक विभागहरूबीच समन्वयको पुलकोरूपमा काम गर्दछ। द्बीपको सधैं जलिरहेको ज्वालाले मानवको आत्मासँग प्रत्यक्ष सम्पर्क र संवाद स्थापित गर्ने अनुभूति दिने उनीहरु बताउँछन् । सनातन हिन्दू धर्मका अनुयायीहरूले द्बीप प्रज्ज्वलन गरेर मात्र भगवानको पूजा गर्ने गर्दछन् ।

# नेपाली कांग्रेस रामपुरद्वारा शोकसभा आयोजना

नेपाली कांग्रेस रामपुर नगरपालिका पाल्पाले शोकसभा गरेको छ ।

वडा नं ५ भम्बक कठान बस्ने नगर कार्य समितिका उपसभापति देवबहादुर थापा मश्राङ्गीका आमा तथा शुभेच्छुक यमनबहादुर थापा मश्राङ्गी, केशबहादुर थापा मश्राङ्गी, मेकबहादुर थापा मश्राङ्गी, जिनमाया मश्राङ्गीका आमा तथा नारायणी थापा मश्राङ्गी, रामकुमारी थापा मश्राङ्गी, भविसरा थापा मश्राङ्गी र लक्ष्मी थापा मश्राङ्गीका सासुआमा विष्णुकुमारी थापा मश्राङ्गीको निधनमा शोक सभा भएको हो ।

बुधबार नवौं दिनको पुण्यतिथिका अवसर पारेर स्वर्गीय मश्राङ्गीको घरमा पुगेर पार्टीले शोकसभा गरेको छ ।

नगर कार्यसमितिका सभापति नेत्रप्रसाद भट्टराईको अध्यक्षतामा भएको सभाका प्रमुख अतिथि जिल्ला कार्य समिति पाल्पाका



## पाल्पा डायरी

सुशीला रेग्मी/मध्यान्ह

उपसभापति देवराज ढकाल, रामपुर नगरपालिका ५ का वडा सभापति दुर्गाप्रसाद पोखरेलले बोल्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गरेका थिए ।

नगर कार्य समितिका सचिव चिरन्जिवी सिग्देलले संचालन गरेको कार्यक्रममा धन्यवाद स्वर्गीय थापाका छोरा देवबहादुर थापा मश्राङ्गीले दिएका थिए । रामपुर नगर कार्यसमिति, रामपुर नगरपालिका ५ वडा कार्य समिति र निस्दी गाउँपालिका वडा नं २ वडा कार्य समितिले मृतक परिवारजनमा समवेदना पत्र हस्तान्तरण गरेको छ। स्वर्गीय मश्राङ्गीको गत कात्तिक ९ गते ८० वर्षको उमेरमा निधन भएको थियो ।

# रामपुरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न



नेपाली कांग्रेस रामपुर नगरपालिका वडा नं ७ वडा कार्य समितिको आयोजनामा शुभकामना तथा प्रशिक्षण कार्यक्रम भएको छ । शुभ दिपावली तथा छठपर्व २०७८ को अवसरमा शुभकामना आदानप्रदान तथा प्रशिक्षण कार्यक्रम गरिएको हो । वडा कार्य समितिका सभापति दुर्गाप्रसाद भट्टराईको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि जिल्ला उपसभापति देवराज ढकालले बोल्दै शुभकामना दिएका थिए । वडा कार्य समितिका उपसभापति क्याप्टेन धनबहादुर मास्की रानाको स्वागतबाट शुरु भएको कार्यक्रमको संचालन वडा कार्य समितिका सचिव तिलबहादुर श्रेष्ठले गरेका थिए । कार्यक्रमको उद्देश्यमाथि वडा सभापति भट्टराईले जानकारी गराएका थिए ।

कार्यक्रममा नेपाली कांग्रेस पाल्पाका सचिव झपेन्द्र गहिरे, प्रशिक्षक अशेष भट्टराई, नेपाली कांग्रेसका महासमिति सदस्यहरु ज्ञानबहादुर गाहा, दानबहादुर पछाई, कांग्रेस क्षेत्र नं. १ पाल्पाका सभापति सन्तोषकुमार थापा, महाधिवेशन प्रतिनिधि हजिलदिन मियाँ, पार्टीका नेता कार्यकर्ता लगायतको सहभागिता रहेको थियो । सहभागीकोतर्फबाट सुनिता रानाले आफ्नो भनाइ राखेकि थिइन् ।

# टोखा छहरे सुरुङ मार्ग निर्माण प्रारम्भ गर्न ध्यानाकर्षण



दिवस ढकाल/मध्यान्ह
नुवाकोट, १७ कात्तिक

बागमती प्रदेशका उपसभामुख राधिका तामाङले रणनैतिक महत्वको टोखा छहरे सुरुङ मार्गलाई आफ्नै कार्यकालमा शिलान्यास गरी निर्माण प्रारम्भ गर्न अर्थमन्त्री जनार्दन शर्माको ध्यानाकर्षण गराएकी छिन् ।

नुवाकोटको ककनीमा वडा कार्यालय भवन उद्घाटन गर्न पुगेका अर्थमन्त्री शर्मालाई उपसभामुख तामाङले मन्त्री शर्माप्रति जनताको ठूलो आशा र भरोसा रहेको भन्दै यो सुरुङ मार्ग उनकै नेतृत्वमा निर्माण होस भन्ने आम जनताको चाहना रहेको बताएकी हुन् । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा उज्यालो नेपाल अभियानलाई सफल पारी मुलुकलाई अन्धकारमुक्त बनाउन मन्त्री शर्माले खेलेको भूमिका नेपाली जनताले कहिल्यै नबिसे'को भन्दै राष्ट्रिय गौरवको उक्त सुरुङ मार्गको निर्माण हुँदा मन्त्री शर्मा र माओवादीप्रति जनताको विश्वास अझ बढेर जाने धारणा व्यक्त गरेकी थिइन् ।

शर्मा उर्जामन्त्री हुँदा कुलमान घिसिङजस्तो सक्षम व्यक्तिलाई पहिचान गरी सही भूमिका दिँदा देशले सही परिणाम पाउन सकेको भन्दै उपसभामुख तामाङले अबको दिनमा पनि नेपाली जनताले त्यस्तै परिणाममुखी कार्यको आशा गरेको भनाइ राखेकी थिइन् ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०७/१७

यस कम्पनीको मिति २०७८/०५/१४ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम साबिक कम्पनी **हिमालयन प्याकर्स होलिडेज प्रा.लि. (प्रा.लि. नं. १२२६२६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/१७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ट्राभल नेपाल गाउ प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**UAE मा रोजगारको अवसर** | 1. Company : NATIONAL SECURITY GUARDS LLC City: DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०७/१७ चलानी नं.: ६०१६६८१५ L.T. No.: 249686

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 16 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Life Guard | 6 | 0 | | 1200 | ३८,९४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २५ गते (11 November 2021) मा हुनेछ ।

2. Company : TAMAYAZ EMPLOYMENT SERVICES LLC City: ABU DHABI

पूर्व स्वीकृत मितिः २०७६/०९/२१ चलानी नं.: ६०१४९५९२ L.T. No.: 230643 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforcing Fitter Assistant | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter Assistant | 100 | 0 | | 1000 | ३२,४५० | | | | | | | |

अन्तर्वार्ता बि.एम.टेनिङ्ग सेन्टर, जनकपुरमा कार्तिक २६ गते (12 Nov. 2021) मा हुनेछ । सर्म्पक: 9810059379
अन्तर्वार्ता जंगल आइल्याण्ड, चितवनमा कार्तिक २७ गते (13 Nov. 2021) मा हुनेछ । सर्म्पक: 9812293611
अन्तर्वार्ता मेरिडियन होटल, बुटवलमा कार्तिक २८ गते (14 Nov. 2021) मा हुनेछ । सर्म्पक: 9857060457
अन्तर्वार्ता विश्राम खाजा घर, पोखरामा कार्तिक २९ गते (15 Nov. 2021) मा हुनेछ । सर्म्पक: 9856060451
अन्तर्वार्ता होटल लण्डन, इटहरिमा कार्तिक ३0 गते (16 Nov. 2021) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मंसिर १ देखि ४ गतेसम्म (17 to 20 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ निःशुल्क क.नं. २ रु. १००००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रसुवा ओभरसिज प्रा. लि.**

श्रम इजाजत नं. ११३०/०७३/०७४

एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, फोन : ५९०६४३९, ५९०६४४८

E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com, Web.: www.rasuwaoverseas.com

**UAE मा बैदेशिक रोजगारको अवसर**

1.COMPANY : EMIRATES LINK NITCO LLC DUBAI

पूर्व स्वीकृत मितिः२०७८/०७/०१ चलानी नं.:६०१६५४८२ LT. No.: 248732

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 100 | 0 | स. काममा दक्ष | 1000 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

2.MAWARID SERVICES COMPANY LLC DUBAI

पूर्व स्वीकृत मितिः२०७८/०७/१७ चलानी नं.:६०१६६८२२ LT. No.: 249752

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 35 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २५,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Garden Worker | 35 | 0 | | 800 | २५,९६० | | | | | | | |
| 3. | Building Labourer | 10 | 0 | | 800 | २५,९६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २५ गते (11 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.**

श्रम इजाजत नं. ६३९/०६३/०६४

सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटोहुँदै महादेवटार हाइट जाने बाटो)

Tel : 01- 4982553, E-mail : pro@anjalioverseas.com.np

**हार्दिक श्रद्धाञ्जली**



जन्म मिति
वि.स. २००१ साउन २६

स्व. राममणी अधिकारी

स्वर्गारोहण मिति
वि.स. २०७८ कार्तिक ०७

तारकेश्वर गाउँपालिका, वडा नं. ४ का वडाध्यक्ष **श्री राममणी अधिकारीको** असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुखःद घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति श्री परमेश्वरले प्रदान गरुन भनी प्रार्थना गर्दछौं ।

रमेश ब. वस्ती (अध्यक्ष)

तारा रिमाल (उपाध्यक्ष)

सन्तोष खत्री
(प्रमुख प्रशासकिय अधिकृत )

वडाध्यक्षहरू

वडा नं. १ दयानिधि अधिकारी
वडा नं. २ समर आले मगर
वडा नं. ३ सुर्यमान श्रेष्ठ
वडा नं. ५ चुडामणि गजुरेल
वडा नं. ६ ज्ञानेन्द्र ब. तामाङ

कार्यपालिका सदस्यहरू
तथा
सम्पूर्ण
**तारकेश्वर गाउँपालिका परिवार**

## सम्पादकीय

# समयसिमा होइन, सतर्कता

कोरोना महामारीको रोकथामबारे आवश्यक निर्णय स्थानीय प्रशासनले गर्दै आएको छ । गएको वर्षबाटै सरकारले कोरोना रोकथामका लागि अवस्था हेरेर आवश्यक निर्णय लिने अधिकारी स्थानीय प्रशासनलाई दिएको हो । सरकारबाट प्राप्त अधिकार प्रयोग गरी दोस्रो लहरको कोरोना महामारीमा स्थानीय प्रशासनले अवस्था हेरेर निषेधाज्ञा लगाएको थियो । २०७७ बाटै शुरू भएको महामारी रोकथामका लागि २०७८ भदौबाट भने स्थानीय प्रशासनले अधिकार पाएको थियो । त्यसपछि सरकारले देशब्यापी लकडाउन नगरी स्थानीय प्रशासनले आवश्यकताको आधारमा निषेधाज्ञा खुकुलो बनाउने र कडाइ गर्ने निर्णय गर्दै आएको छ । त्यसैअनुसार यसपटकको तिहारबारे राजधानी उपत्यका सहित देशका विभिन्न जिल्लाका प्रशासनले समय सीमा तोकेको छ ।

राजधानी उपत्यकामा रातको नौ बजेपछि देउसीभैलो खेल्न नपाइने सूचना जारी भएको छ । काठमाडौं, ललितपुर र भक्तपुरका प्रमुख जिल्ला अधिकारीले राजधानी उपत्यकामा रातको ९ बजेपछि देउसीभैलो खेल्न नपाइने निर्णय गरेको छ । राजधानी उपत्यकाको सिको गर्दै देशका अन्य जिल्ला प्रशासनले पनि देउसीभैलो खेल्ने समयसीमा तोकेको छ । कतै ८ र कतै ९ बजेपछि रोक लगाउने सूचना सार्वजनिक भइरहेको छ । कोरोना महामारी रोकथामकै लागि स्थानीय प्रशासनले रातको समयमा देउसी खेल्न रोक लगाएपछि यसको विरोध शुरू भएको छ । विशेषगरी गीत संगीत क्षेत्रका कलाकारहरूले यो नियम अवैज्ञानिक भएको टिप्पणी गरिरहेका छन् । आमनागरिकहरूले सामाजिक सञ्जाल मार्फत् निश्चित समयपछि कोरोना महामारीको खतरा देखिने जस्तोगरी स्थानीय प्रशासनले सूचना जारी गरेको टिप्पणी गरिरहेका छन् ।

पक्कै पनि कोरोना रोकथामका लागि आवश्यक सर्तकता अपनाउन जरूरी छ । त्यसका लागि निश्चित नियम स्थानीय प्रशासनबाट जारी हुनलाई आपत्ति जनाउनु उचित होइन । किनभने अझैपनि कोरोना महामारीको खतराबाट हामी मुक्त भइसकेका छैनौ । महामारीको खतरा अझै कायमै छ । संक्रमित हुने र मृत्यु हुनेको संख्या शून्य हुन सकेको छैन । सरकारले खोपको व्यवस्था गरिरहेको बताएपनि सबैले पाउन सकेका छैनन् । यस्तो बेला सचेतता र सतर्कता आवश्यक छ । तर स्थानीय प्रशासनले दिएको छुटको समयमा महामारीबारे सतर्कता नअपनाउने भन्ने होइन । अनि स्थानीय प्रशासनले पनि समयसीमा तोक्ने भन्दा पनि आवश्यक सतर्कता अपनाउने नियम बनाउन आवश्यक छ । तिहारको शुभकामना !

## सामाजिक सञ्जाल



काग सुचनाको र कूकूर इमान्दारीताको प्रतिक । दुवैको धुमधाम पूजा गरिन्छ । कागले सूचना दिन छोडेर चलाख बन्न खोज्यो, बिष्टा खान पुग्यो । कूकूरमा इमान्दारीता बाँकी छ र घरघरमा पालियो । बेईमान कूकूरलाई घरबाट निकालियो । त्यसैले पुराना नेताहरूले मनन् गर्नुपर्ने कुरा जिम्मेवारीबाट भाग्दा के हुन्छ ?

- पुरूषोतम ढुंगेल



एमसीसी जस्तो असंशोधनीय राष्ट्रघाती परियोजनालाई राष्ट्रहितमा छ भन्दै पश्चिम नेपालका जनताहरूलाई भ्रम छर्दै हिंडने एमसीसीको विरोध गर्ने तीन करोड जनतालाई राष्ट्रघाती देख्नेको दुईटै आँखालाई फिरले रोपेर फुटाल्नु पर्ने ! के नेपाली जनतालाई गवार सम्झेको हो ?

- मोहन गुरूङ



न्यायिक विकृतिले सीमा नाघ्दै गर्दा हामी प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाको राजिनामा मागिरहेका छौं । के राणाले राजीनामा गर्ने बित्तिकै न्यायपालिका सुध्रिएर एकदमै राम्रो अवस्थामा पुग्ला ? के यो हामीले कल्पना गर्ने बिषय बन्छ ? हो नैतिक प्रश्न उठिसकेपछि यसको जिम्मा स्वयमले लिने ।

- सविन केसी



संविधानअनुसार विधि र प्रक्रियाबाट नियुक्ति भएको प्रधानन्यायाधीशलाई कालाकोटेहरू र गुटबन्दीको राजनीति गर्ने सर्वोच्चकै न्यायाधीशहरूले सडकबाट राजिनामा माग्दा सर्वोच्च विवाद जटिलतातर्फ गएको हो । विधि सम्मत तरिकाले हटाउन छोडेर जबर्जस्ति सडकबाट राजिनामा माग्ने पनि तरिका हो ?

- टिकाराम घिमिरे



राजनीतिक दलले वास्ता गरेनन् – गुनासो गर्छन् वकिल र पुर्व प्रन्या । जनता मुद्दा तन्किएर हैरान छन् । अब ३ काम तत्काल गरौं: १. परमादेशी सबै न्यायाधीशविरूद्ध महाभियोग, २. वरिष्ठ वकिल र न्यायाधीशको सम्पत्ति छानबिन आयोग, ३. नियुक्ति प्रणाली संशोधन ।

- सुवोध प्याकुरेल


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com


# नेपाल बारको आन्दोलन किन ?

*नेपाल बारको विरोध या आन्दोलन प्रधानन्यायाधीशको प्रवृतिका विरुद्धको आन्दोलनसँगै समग्र न्यायालय सुधारको आन्दोलन पनि हो । आन्दोलनको स्वरुप र रुप चोलेन्द्र शमशेरका विरुद्धको देखिन्छ तापनि नेपाल बारले आन्दोलनका क्रममा उठान गरेका मुद्दाको प्रकृतिले सारमा यो आन्दोलन समग्र न्यायालयको सुधारतर्फ लक्षित छ भन्ने कुरामा द्विविधा पाल्नुपर्ने ठाउँ देखिन्न ।*



● डा.शिवराज पण्डित




> न्यायालय सुधारका लागि विभिन्न कार्यदल र समितिहरु निर्माण भए । समिति र कार्यदलले सम्बद्ध निकायमा प्रतिवेदन बुझायो । नेपाल बारले पनि आफ्नो तर्फबाट विभिन्न कार्यदल बनाएर सर्वोच्च अदालतलगायतका अन्य अदालतहरुमा भएका विकृति विसंगतिका विषयमा खोजबिन गरी प्रतिवेदन तयार गरी बुझायो । तर प्रतिवेदन कार्यान्वयन भएन ।

नेपाल बार एशोसिएशन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामाको माग राखी चरणबद्ध आन्दोलनमा छ । विरोध र आन्दोलनसँगै प्रधानन्यायाधीशको राजीनामाको पक्ष र विपक्षमा विभिन्न मत/अभिमतहरु प्रकट हुँदै आएका छन् । प्रधानन्यायाधीशले राजीनामा दिँदैमा न्यायालयको सुधार हुन्छ त भन्नेहरु पनि छन् । न्यायालयको नेतृत्व ठिक या बेठिक हुनुले समग्र न्यायालयको गतिविधिमा प्रत्यक्ष प्रभाव पार्दछ भन्नेहरुको संख्या पनि त्यत्तिकै जब्बर देखिन्छ । नेपाल बारको विरोध या आन्दोलन प्रधानन्यायाधीशको प्रवृत्तिका विरुद्धको आन्दोलनसँगै समग्र न्यायालय सुधारको आन्दोलन पनि हो । आन्दोलनको स्वरुप र रुप चोलेन्द्र शमशेरका विरुद्धको देखिन्छ तापनि नेपाल बारले आन्दोलनका क्रममा उठान गरेका मुद्दाको प्रकृतिले सारमा यो आन्दोलन समग्र न्यायालयको सुधारतर्फ लक्षित छ भन्ने कुरामा द्विविधा पाल्नुपर्ने ठाउँ देखिन्न ।

सामान्यतः कुनै संस्थाको नेतृत्वको बर्हिगमनले समग्र संस्थाका खराबीहरु हट्छन् र संस्थाले नयाँ जीवन पाउँछ भनिन्छ तर, त्यो वस्तुवादी हुँदैन । तर पनि नेतृत्वको भूमिका संस्थाको जीवनमा धेरै महत्वपूर्ण मानिदै आएको छ । हरेक संस्थाहरु संविधान र कानुनको परिधिभित्र रहेर आफ्नो भूमिका निर्वाह गर्न स्वतन्त्र हुन्छन् । संस्था प्रमुखले आफ्ना जिम्वेवारी पूरा गर्दा संविधान र कानुनको परिधिभित्र रहेर पदीय आचरण अनुकुलको व्यवहार गर्नेछन् भन्ने अपेक्षा गरिएको हुन्छ । तर जब जिम्वेवारी पाएको व्यक्तिले आफ्नो पदीय जिम्वेवारी र आचरण बिर्सन्छ या च्युत वा डिस्ट्रयाक हुन्छ, त्यसबखत संस्था प्रमुखलाई पदीय आचरण अनुकुलको व्यवहार गर्न, गल्तीहरुलाई नदोहोऱ्याउन, गरिएका प्रविद्धताहरु पूरा गर्न, गराउन प्रत्यक्ष सरोकार राख्ने निकायको प्रमुख दायित्व हुन्छ । न्यायपालिका र न्यायपालिकाको नेतृत्व गर्ने न्यायमूर्तिहरुले पदीय आचरणअनुसारको व्यवहार नगरेमा, नदेखाएमा संविधान र कानुनले निर्दिष्ट गरेका आचरण अनुकुलको कार्य नगरेमा या नगराएमा त्यसको खबरदारी गर्ने जिम्मेवार निकाय भने राज्यको कानुनद्वारा निर्दिष्ट गरेका संयन्त्र र निकायहरु हुन । त्यसको अलवा न्यायालयको विकृति र विसंगतिका विरुद्ध फर्न्ट लाइनमा रहेर विरोध गर्ने र खबरदारी गर्ने आधिकारिक संस्था भनेको नेपाल बार हो ।

नेपाल बार एशोसिएशनले स्थापनाकाल (२०१२) देखि नै न्यायापालिकाभित्र हुने गरेका विकृति र विसंगतिविरुद्ध आवाज उठाउँदै आएको छ । संस्थागत रुपमा न्यायपालिकाभित्रको सुधारको विषयमा २०३२ सालदेखि नै आवाज उठ्न सुरु भएको देखिन्छ । न्यायपालिकालाई विकृति रहित बनाउन न्यायाधीशहरु भित्रबाट पनि बेलाबखत आवाजहरु उठ्ने गरेका छन् । तर न्यायाल भित्रको विकृति र विसंगति सुधार गर्नेतर्फ कसैको ध्यान जान सकेन, गएन । बरु न्यायालयलाई कमजोर बनाउनेतर्फ नेताहरु उद्धत देखिए । फलस्वरुप न्यायालय झनपछि झन कमजोर हुँदै गयो । न्यायालयभित्रका विकृति र विसंगतिहरु सघन रुपमा फैलिँदै गए, यसले विकराल रुप लिँदै गयो । यहि विकृत रुपको पछिल्लो उदाहरण र प्रतिनिधिमूलक घटना बन्यो-नेपालको न्यायिक इतिहाँसमा कहिल्यै नभएको र नसुनिएको प्रधानन्यायाधीशले प्रधानमन्त्रीसँग राजनीतिक पदको भागवण्डा खोजे ।

न्यायालय सुधारका लागि विभिन्न कार्यदल र समितिहरु निर्माण भए । समिति र कार्यदलले सम्बद्ध निकायमा प्रतिवेदन बुझायो । नेपाल बारले पनि आफ्नो तर्फबाट विभिन्न कार्यदल बनाएर सर्वोच्च अदालत लगाएतका अन्य अदालतहरुमा भएका विकृति विसंगतिका विषयमा खोजबिन गरी प्रतिवेदन तयार गरी बुझायो । तर प्रतिवेदन कार्यान्वयन भएन । न्यायपालिको नेतृत्व तहमा बस्नेहरुले कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्ने प्रतिबद्धता बारम्बार जनाए र दोहोराए, तर व्यवहारमा कानुनका आम उपभोक्ताहरुले बुझ्ने र अनुभूत हुने गरी न्यायलयभित्र सुधार हुन सकेन । नेपाल बारको नयाँ कार्यसमिति निर्वाचित भएर आएपछिको पहिलो बैठकबाट नै न्यायालयभित्रको विकृति विसंगतिविरुद्ध आवाज उठाउँदै आएको छ । जस फलस्वरुप सर्वोच्च अदालतभित्र न्यायाधिश हरिकृष्ण कार्कीको नेतृत्वमा बारको समेत प्रतिनिधित्व हुने गरी समिति निर्माण भई झण्डै ६ महिना विभिन्न तह, निकाय र कानुनका उपभोक्तासमेतसँग अन्तरक्रिया र छलफल गरी प्रतिवेदन तयार गरी प्रधानन्यायाधीशलाई बुझाएको छ । तर प्रधानन्यायाधीशले उक्त प्रतिवेदन कार्यान्वयन गर्ने तर्फ तत्परता देखाएका छैनन् ।

नेपाल बारको नेतृत्व र बारमा आवद्ध कानुन व्यवसायीहरु पनि न्यायालयलाई दुष्कृत बनाउने कार्यमा कम दोषी र जिम्वेवार छैनन् । बेलाबखत सुनिन्छ, वकिल विचौलिया भयो । न्यायाधीशलाई घुस खुवायो । कुनै अमुक मुद्दा जिताइन्छु भनी पक्षबाट न्यायाधीशसमेतलाई घुस खुआउने भनी मोटो रकम असुल गरयो जस्तो कुरा सुन्नमा आउँछ । न्यायालयभित्रको विकृति र विसंगतिका सम्बन्धमा अध्ययन गर्न गठित विभिन्न कार्यदलका प्रतिवेदनहरुले पनि कानुन व्यवसायीलाई पनि न्यायालय विकृत बनाउने मूख्य दोषी करार गरेको छ ।

गत कार्तिक ५ गते सम्पन्न पूर्वन्यायाधीश समाजको सम्मेलनले भन्यो- 'न्यायपालिकाको गरिमा, विश्वसनीयता, जनआस्था र स्वतन्त्रता जोगाउनका लागि प्रधान्यायाधीश स्वंयले निकास दिनु यथोचित हुन सक्दछ । तर प्रधान्यायाधीशबाट न्यायपालिकाको पक्षमा उदारता देखाइन भने प्रधानन्यायाधीशको सम्बन्धमा उठेका सम्पूर्ण विवादहरुको निष्पक्ष छानबिनका लागि प्रतिनिधिसभाले आफ्नो संवैधानिक कर्तव्य पूरा गर्न अग्रसर हुनका लागि हामी आव्हान गर्दछौं ।' सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीशहरु समेतको भेलाले प्रधानन्यायाधीशका असक्षतमाको विषयमा खुलेरै विरोध गरेको छ । सर्वोच्च अदालतका वहालवाला कुनैपनि न्यायाधीशहरु उनको पक्षमा देखिन्नन् । लोकका खातिरको एक्लो बृहस्पतिको इजलास कति दिनसम्म ? राजनीतिक दलका प्रमुखहरुले न्यायालयको विवाद न्यायालय भित्रैबाट समाधान खोजिनु पर्दछ भनी तर्की हिडेको अवस्था नेपाली कांग्रेसका तेस्रो तहका प्रभावशाली नेताहरुले सर्वोच्च अदालत भित्रको विवादलाई नजरअन्दाज गर्न नहुने । यो विषयमा पार्टीले धारणा बनाउनु पर्दछ भनेर वक्तव्य निकालेपछि सम्भवतः प्रधानमन्त्री देउवा विदेशबाट फर्केपछि विपक्षी गठवन्धनभित्र प्रधानन्यायाधीशको बर्हिगगनको विषयमा साझा धारणा बन्ने अपेक्षा गरिएको छ ।

२०७८ कार्तिक १२ गते नेवाएको कार्यसमितिको बैठकले तिहार अघिका विरोधका कार्यक्रमहरुको कार्यतालिका प्रकाशन गरेको छ । प्रधानन्यायाधीशको राजीनामा माग गरिएको सन्दर्भमा प्रधानन्यायाधीशले सर्वोच्च अदालतको इजलासमा नबस्न अनुरोध गरिएको छ । प्रधानन्याधीशले उच्च नैतिकता प्रदर्शन गरेर राजीनामा दिए ठिकै भयो । राजीनामा नदिएमा तिहारपछि सशक्त र प्रभावकारी विरोधका कार्यक्रमहरु संचालन गर्ने सम्बन्धमा बार पदाधिकारीका बीच सर्वसम्मत धारणा र सहमति बनेको छ । कार्तिक १४,१५,१६,१७ गते सर्वोच्च अदालतमा कालोपट्टी र विरोधसभा सम्मका कार्यक्रमहरु गर्ने कार्यक्रमहरु तय भएका छन् । यसका साथै प्रधानन्याधीश विरुद्धको आन्दोलन बारको प्रतिष्ठाको पनि विषय भएकोले देशभरीका ९० वटा बार एकाइहरुसँग आन्दोलनलाई सशक्त बनाउन र आन्दोलनप्रति ऐक्यबद्धता र अपनत्व जागृत गर्न सर्कुलर तथा पत्राचार गर्ने र भर्च्युल माध्यमबाट धारणा तथा परामर्श लिनेसम्मको कार्यक्रमहरु तय गरिएका छन् ।

सम्भवतः नेपालको न्यायिक इतिहासमा पहिलो पटक हुनुपर्दछ, सर्वोच्च अदालतका पूर्वप्रधान्याधी, न्यायाधीशहरु, वहालवाला न्यायाधीशहरुसमेतले बहालवाला प्रधान्याधीशका विरुद्धमा आवाज उठाएको । यसबाट नेपाल बार उत्साहित भएको छ । नेपाल बारले विगत् लामो समयदेखि उठाउँदै आएका मागहरु अब सम्बोधन हुन्छन् । न्यायपालिकाको सुधारको बाटो प्रधान्यायाधीशको राजीनामाबाट खुल्दछ भन्ने अपेक्षा गरिएको छ । न्यायिक नेतृत्व न्यायालयभित्रको विकृति र विसंगतिका लागि जिम्वेवार मानिन्छ । न्यायालयलाई समयानुकुलको सुधार र पुनरसंरचना गर्ने प्रस्थान बिन्दुको रुपमा प्र.न्या.चोलेन्द्र शमशेर राजीनामा हुन सक्दछ भन्ने नेपाल बारको ठम्याइ हो । परिस्थिति तातेको बेला न्यायालयलाई जनभावना अनुसारको सर्वशुलभ, जनताको पहुँचभित्रको संस्थाको रुपमा रुपान्तरण गर्न सकिन्छ भन्ने मान्यता नेपाल बारको छ । तसर्थ प्र.न्या.चोलेन्द्र शमशेरविरुद्धको आन्दोलन उनको प्रवृत्तिविरुद्धको आन्दोलन हो नै, त्यसको साथै यो आन्दोलन समग्र न्यायालय सुधारको आन्दोलन पनि हो ।

*(लेखक डा. पण्डित नेपाल बारका केन्द्रीय सदस्य हुन् ।)*

## तिहार विशेष

# चाडपर्वका सांस्कृतिक महत्व

*हाम्रो देश बहुजातिय, बहुभाषिक, बहुधार्मिक समाजलाई एक सुत्रमा बाँध्न र मिलेर बस्नको लागि पनि चाडपर्वको महत्व छ । दशैं तिहार मात्रै नभएर नेपाली समाज विद्यमान जुनसुकै चाडपर्वहरुले नेपाली समाजलाई एक शुत्रमा बाध्न सहयोग पुऱ्याईरहेका हुन्छन् । युद्ध एवम् जातिय तथा धार्मिक द्धन्द्ध हुन नदिने र एकतामा बाँध्ने काम चाडपर्वहरुले गरिरहेका छन् । त्यसैले हामीले आफ्नो परम्परादेखि मान्दै आएका चाडहरुलाई जोगाई राख्नुपर्ने अबको टड्कारो आवश्यकता हो ।*



● रोशनी बुढा

> दशैं वा विजया दशमी देवीले राक्षसको बध गरेको सम्झनामा मनाइन्छ भने तिहारमा यमराजले आफ्नी बहिनी यमुनालाई घरमा आतिथ्य ग्रहण गरेको सम्झनामा मनाईन्छ । तिहार भनेको प्रकृतिपूजक पर्व पनि हो ।

प्राचीन कालदेखि विभिन्न धर्मालम्बीहरुले आ-आफ्नो चाडपर्वहरु आ-आफ्नो संस्कृति तथा परम्पराअनुसार मनाउदै आइरहेका छन् । हिमवत खण्ड वा हिन्दुकुश हिमालय पर्वतमालामा अझ विशेष गरेर दक्षिण एशिया उपमहाद्धिपमा सबैभन्दा बढी सनातन वा हिन्दु बौद्ध धर्मालम्बीहरुको बढी बसोबास भएको पाइन्छ । यसैमा पनि हिन्दु वा बौद्धिक धर्मालम्बीहरुले विजया दशमी, तिहार, छठ, ल्होसार माघी वा अनेक किसिमका चाडपर्वहरु भव्य रुपमा मनाउने गरेको पाइन्छ । यहाँ विशेष गरेर तिहारको महत्व बारे उल्लेख गर्न खोजिएको छ ।

खास गरी हाम्रो देशमा विशेष रुपमा दशैं र तिहारलाई बढी महत्वका साथ हेरिन्छ । दशैं वा विजया दशमी देवीले राक्षसको बध गरेको सम्झनामा मनाइन्छ भने तिहारमा यमराजले आफ्नी बहिनी यमुनालाई घरमा आतिथ्य ग्रहण गरेको सम्झनामा मनाईन्छ । तिहार भनेको प्रकृतिपूजक पर्व पनि हो । जहाँ काग, कुकुर, गाई, गोरुलाई पुजा गरि भाईलाई टिका लगाइन्छ ।

खासगरी धार्मिक तथा सांस्कृतिक पक्ष जुनसुकै समुदाय र समाजका महत्वपूर्ण र संवेदनशील पक्ष हुन् । यही सेरोफेरोमा तिहारको सन्दर्भमा केही चर्चा गर्न खोजिएको छ । यहाँ प्रस्तुत सन्दर्भमा यमराज र यमुनाको कथनलाई नै महत्व मानिएको पाइन्छ । यमराजको दुत कागलाई मानिन्छ । त्यसैले काग तिहार शुरुको दिनमा कागलाई खानेकुरा वा फलफुल दिने चलन छ । दोस्रो दिन कुकुर तिहार धर्मशास्त्रअनुसार कुकुरलाई भैरव मानिन्छ तर, यहाँ कुकुर एक इमान्दार तथा आज्ञाकारी, कर्तव्य पालन भएकोले यमराजको बाहन पनि भनिन्छ । रक्षक पनि भनिन्छ । त्यसैले कुकुरलाई फुलमाला लगाएर खानेकुरा लिएर पुजा गरिन्छ ।

त्यसैगरी तेस्रो दिन गाई तिहार (लक्ष्मी पुजा) गरिन्छ । गाई भनेको गौमाता हुन् र गौमाताको अर्को स्वरुप लक्ष्मीलाई पनि लिने गरेको पाइन्छ । लक्ष्मी भनेकी आर्थिक धनधान्य वा पैसाको बरदान दिने देवी भएकोले विभिन्न किसिमका सुनचाँदी गरगहना तथा सम्पत्तिको पुजा गर्ने चलन छ । तिहारको चौथो दिन गोरु पुजा गरिन्छ । गोरु पुजा गोवर्द्धन पर्वतमा खेती उत्पादन गर्न र मानव जातिलाई खाना, वस्तु, अन्न आदिको कमी नहोस् भन्नका लागि गरिन्छ ।

त्यसैगरि पाँचौ दिन भाइटिका जसअनुसार यमराज र यमुनाको माया, ममता, सद्भाव, सुख दुःख, पीडा मर्का आदिको रुपमा यमराज यमुनाको घरमा गएर टिका लगाउने, मिठो/मिठो खाने र यमराजले यमुनालाई आर्थिक (सहयोग) दान चढाउने प्रचलन गरेको पाइन्छ । यमराजले बहिनी यमुनालाई स-सम्मान टिका लगाएर खाना खाएर अनेकौ किसिमका उपहार प्रदान गरेको भनी कथन छ । यसरी यमराज र यमुनासँग जोडिएको यो पर्व धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । हाम्रो नेपाली समाजमा पनि अहिले यो पर्वलाई भव्य रुपमा मनाउने गर्दछन् ।

विशेषतः कुनै पनि सांस्कृतिक, धार्मिक चाडपर्वहरुले मानव जातिलाई नजिक बनाउने र प्रेम, सद्भाव, सहिष्णुतालाई अझ मजबुत बनाउने काम गर्दछन् । वर्षको एक पटक आउने यी चाडपर्वहरु मानिसहरु जहाँ गए पनि वर्षको एकपटक भेटघाट गरी रमाइलो गर्ने सँगै मिलेर खाने, जे जस्ता दुःख पीडा भए पनि एक सामुहिक रुपमा रमाइलो गर्ने पर्वहरु हुन् ।

हाम्रो देश बहुजातिय, बहुभाषिक, बहुधार्मिक समाजलाई एक सुत्रमा बाँध्न र मिलेर बस्नको लागि पनि चाडपर्वको महत्व छ । दशैं तिहार मात्रै नभएर नेपाली समाज विद्यमान जुनसुकै चाडपर्वहरुले नेपाली समाजलाई एक शुत्रमा बाध्न सहयोग पुऱ्याईरहेका हुन्छन् । युद्ध एवम् जातिय तथा धार्मिक द्धन्द्ध हुन नदिने र एकतामा बाँध्ने काम चाडपर्वहरुले गरिरहेका छन् । त्यसैले हामीले आफ्नो परम्परादेखि मान्दै आएका चाडहरुलाई जोगाई राख्नुपर्ने अबको टड्कारो आवश्यकता हो । तर चाडपर्वको नाममा अनेकौ किसिमका विकृति विसंगति निम्त्याउनु हुँदैन ।

# बाइडेनद्वारा चीन र रुसको आलोचना



**काठमाडौं/एजेन्सी–** अमेरिकी राष्ट्रपति जो बाइडेनले चीन र रुसको आलोचना गरेका छन् । कोप २६ जलवायु सम्मेलनमा चीनका राष्ट्रपति सी जिनपिङ र रुसका राष्ट्र भ्लादमिर पुटिन अनुपस्थित भएकोमा बाइडेनले आलोचना गरेका हुन् ।

मंगलबार रातिको एक मनतव्यमा राष्ट्रपति बाइडेनले जलवायु 'एक विशाल मुद्दा' भएको र यसबाट चीन भागेको र यही कुरा रुस र पुटिनको सन्दर्भमा पनि मिल्ने बताए । चीन र रुसका राष्ट्रपति सहभागी नभए पनि १४ नोभेम्बरसम्म दुई हप्ता चल्ने सम्मेलनमा दुवै देशले प्रतिनिधिहरू पठाएका छन् ।

चीन विश्वकै सबैभन्दा ठूलो कार्बन डाइअक्साइड उत्सर्जक हो भने रुस अमेरिका, ईयू र भारतपछिको पाचौं ठूलो उत्सर्जक हो । स्कटल्याण्डको ठूलो सहर ग्लास्गोमा भएको सम्मेलनमा १२० भन्दा बढी देशका नेताहरू सहभागी भएका छन् ।

देशहरूले सन् २०३० सम्म मिथेनको तहलाई कटौती गर्ने र वनविनाश अन्त्य गर्ने विश्वव्यापी वाचासहित प्रमुख सम्झौताहरू घोषणा गरिसकेका छन् । चीन र रुस दुवै यी घोषणाका पक्ष राष्ट्र हुन् ।

राष्ट्रपति बाइडेनलाई वार्तामा चीन, रुस र साउदी अरेबियासहित अरु देशहरूले खेलेको भूमिकाको बारेमा सोधिएको प्रश्नमा उनले यस्तो टिप्पणी गरेका हुन् ।

चीनले नदेखाइकन विश्व नेताको रूपमा नयाँ भूमिका दाबी गर्न खोजेको तथ्य प्रष्ट भएको भन्दै बाइडेनले जलवायु सम्मेलनमा चिनियाँ राष्ट्रपति सीको अनुपस्थितिलाई 'ठूलो भुल' भनेका छन् । बाइडेनले रुसको वंजर भूमि जलिरहँदा रुसी राष्ट्रपति मौन बसेको आरोप लगाए ।

सन् २०२० को शुरुदेखि नै राष्ट्रपति सी चीनबाट बाहिर कतै नगएको ठानिएको छ । गत सेप्टेम्बरमा राष्ट्रपति सीले सन् २०६० सम्ममा कार्बन न्यूट्रल अर्थात् जति कार्बनडाइअक्साइड उत्सर्जन हुन्छ त्यतिनै मात्रामा कार्बनडाइअक्साइड वातावरणबाट सोस्ने अवस्थामा चीनलाई पुऱ्याउने घोषणा गरेका थिए । राष्ट्रपति पुटिनले पनि अक्टोबर १३ मा भएको उर्जासम्बन्धी एउटा अन्तर ाष्ट्रिय सम्मेलनमा रुस सन् २०६० भन्दा ढिला नगरी कार्बन न्यूट्रलको अवस्थामा पुग्ने बताएका थिए ।

# पाकिस्तान–अफगानिस्तान नाका पुन: खुल्ला

**काठमाडौं, एजेन्सी–** पाकिस्तान र अफगानिस्तानको सिमा नाका पुन: सञ्चालन हुन थालेको छ ।

भण्डै एक महिनादेखि बन्द रहेको चामन नाका मंगलवारदेखि खुल्ला भएको पाकिस्तानी सरकारी अधिकारीहरूले जानकारी दिएका छन् ।

नाका खुलेसँगै नाकाबाट सामानहरू ओसार पसार गर्न थालिएको छ भने मानिसहरू पनि आवत जावत गर्न थालेका छन् ।

उनीहरूलाई सरकारी अधिकारी तथा सुरक्षाकर्मीहरूले परीक्षण गरी प्रक्रिया पुऱ्याएर आउन जान दिने गरेका छन् ।

अफगानिस्तान र पाकिस्तानको प्रमुख नाकाको रूपमा रहेको चामन नाकाबाट विषेश गरेर फलफुलका ट्रकहरू धेरै आवत जावत गर्ने गरेका छन् ।

अफगानिस्तानको दक्षिणी सहर कान्दहरबाट पाकिस्तानका लागि व्यापारीक कारोवार धेरै हुने गरेको छ ।

पाकिस्तानी पत्रिकाहरूका अनुसार सो नाका गत अक्टोवर ५ देखि बन्द भएको थियो । नाका बन्द हुँदा अर्थतन्त्रमा प्रत्यक्ष नकारात्मक असर परेको थियो भने व्यवसायी तथा व्यापारी र आम उपभोक्ताहरु समेत मर्कामा परेका थिए । नाका खुल्ला भएपछि सवै खुशी भएका छन् ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०१/०९ मा दर्ता भएको **प्रा.लि. नं. १३४९८७** को **कैलाश मोटर्स प्रा.लि.** को मिति २०७८/०७/१७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०२**
**ईमेल :** rokayasherbahadur723@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०२/२२ मा दर्ता भएको **प्रा.लि. नं. १६९९८३** को **टाकोडिङ नेपाल प्रा.लि.** को मिति २०७८/०७/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०२**
**ईमेल :** rokayasherbahadur723@gmail.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०७/१८

यस कम्पनीको मिति २०७५/०६/०७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनी **श्री गोल्डेन पब्लिक एकेडेमी स्कूल प्रा.लि. (प्रा.लि. नं. ८११८९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७५/०६/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **श्री गोल्डेन चिसापानी एकेडेमी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०७/१८

यस कम्पनीको मिति २०७७/०४/०४ मा सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी **होटल मनसुन प्रा.लि. (प्रा.लि. नं. २२०७०१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०६/१४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रोयल मानसरोवर ट्रेडिङ्ग एण्ड मल्टिपर्पोज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।


## साउदीमा रोजगार | १. कम्पनी: KHIDMATI AL ARABIA LIMITED CO — शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०६/११ चलानी नं.: ६०१६३९९७ LT. No.: 246777 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

## २. कम्पनी : AL ASKAR TRANSPORT — शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७७/१२/३१ चलानी नं.: ६०१५७२९० LT. No.: 238934 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 20 | 0 | स. काममा दक्ष | 1800 | ५७,१८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ कार्तिक २५ गते (11 Nov. 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ : रु. १०,०००/- क.नं. २ : नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Blaze Associates Pvt. Ltd.**
Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com

## BAHRAIN मा रोजगारको अवसर

१. कम्पनी : DAR AL BINAA BUILDING CONSTRUCTION — शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०७८/०७/१७ चलानी नं.: ६०१६६८२५ L.T. No.: 249612

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 15 | 0 | स. काममा दक्ष | 100 | ३१,६१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २४ गते (10 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**इभरग्रिन ईम्प्लोइमेन्ट प्रा.लि.**
जि.पि.ओ. बक्स नं. ८९७३, एनपिसि ८०६, शंखमुल मार्ग, नयाँ बानेश्वर-१०, काठमाडौं, नेपाल
फोन: ४७८४३५३, फ्याक्स: ४७८२९२०, Email: info@evergreenemp.com.
evergreenempl@gmail.com | Website: evergreenemployment.com.
श्रम इजाजत नं. ६८३/०६३/०६४

## UAE मा वैदेशिक रोजगार | कम्पनी : BASATIN LANDSCAPING L.L.C. — शहर : DUBAI

पूर्व स्वीकृत मिति: २०७८/०७/१७ चलानी नं.: ६०१६६८३८ LT. No.: 249807

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Horticulturist | 23 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४५,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Skilled Forester | 22 | 0 | | 1400 | ४५,४३० | | | | | | | |
| 3. | Tile Layer | 22 | 0 | | 1200 | ३८,९४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ कात्तिक २५ गते (11 Nov. 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
